"हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग

प्रदेश नं. १

2066-065
च.नं. 299

मिति २०७७/०८/३०

बिषय :- बैठकको निर्णय पठाइएको सम्बन्धमा ।

श्री १ देखि १९ वडा समितिको कार्यालय,
विराटनगर महानगरपालिका,
विराटनगर ।

प्रस्तुत विषयमा विराटनगर महानगरपालिका नगर शिक्षा समितिको मिति २०७७०८।२१ गते बसेको बैठकको निर्णय प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

..........
०८।३०
दुर्गाप्रसाद खतिवडा
नगर शिक्षा अधिकारी
अधिकृत दसौं

DATE:

आज मिति २०७८।०८।२१ गते विराटनगर महानगरपालिका नगर शिक्षा समितिको अध्यक्ष तथा विराटनगर महानगरपालिकाका प्रमुख श्रीमान भीम पराजुली ज्यूको अध्यक्षतामा बसेको बैठकले तपशिलको उपस्थितिमा तपशिलका प्रस्तावहरुमा छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिति

१. श्री भीम पराजुली - अध्यक्ष/वि.म.न.पा.प्रमुख -
२. श्री इन्दिरा कार्की - उप प्रमुख -
३. श्री इन्द्रमणि पोखरेल - प्रमुख प्र. अधिकृत -
४. श्री तिर्थेन्द्र न्यौपाने - सदस्य/वडा अध्यक्ष -
५. श्री निश्चल अर्याल - ,, ,, -
६. श्री असलम आलम - ,, ,, -
७ श्री शीला श्रेष्ठ - वडा सदस्य -
८. प्रा.डा.श्री आनिल पोखरेल - सदस्य -
९. श्री वेदकुमार खतिवडा - शि. महासंघ अध्यक्ष -
१०. श्री खेमराज भट्टराई - प्र.अ./शि.स.सदस्य -
११. श्री ज्ञानबहादुर खड्का - सदस्य -
१२. श्री राजेन्द्र ढकाल - सदस्य -
१३. श्री दुर्गाप्रसाद खतिवडा - न.शि.अ. -

आमन्त्रित :

(१) श्री तारा शर्मा - शा.अ. -
(२) श्री विष्णुराज लामिछाने -
(३) श्री होरवर पोखरेल -
(४) श्री ठाकुर पाण्डे -
(५) श्री तुलसा दाहाल -

DATE

बैठकमा छलफल हुने विषय/एजेण्डा

१. विद्यालयको पठनपाठन सञ्चालन सम्बन्धमा ।

२. संस्थागत विद्यालयको छात्रवृत्ति सम्बन्धमा ।

३. तदर्थ वि.व्य.स. गठन सम्बंन्धमा ।

४. विद्यालयको जग्गा हक हस्तान्तरणका लागि सिफारिस गर्ने सम्बन्धमा ।

५. मा.वि.११/१२ का विज्ञान विषयका शिक्षकलाई कामकाजमा लगाउने सम्बन्धमा

६. दरवन्दी मिलान सम्बन्धमा ।

७. छुट दरवन्दी कायम गर्नका लागि सिफारिस गरि पठाउने सम्बन्धमा ।

८. अनुमति दिने सम्बन्धमा ।

निर्णय :-

प्रस्ताव नं. १ माथी छलफल गर्दा विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा २०७७ बमोजिम अभिभावकको सहमतीमा कक्षा सञ्चालनको उचित विकल्प अपनाई पूर्व प्रा.वि. देखि कक्षा १२ सम्म विद्यालयले स्वास्थ्य मापदण्डको पालना गरी सञ्चालन गर्ने व्यवस्था आगामी पौष २ गते देखि मिलाउने, विद्यालय सञ्चालन मापदण्ड बमोजिम सञ्चालन [illegible]

DATE:

निर्णय नं. २

मिति २०७७।०८।२० गते बसेको छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम कार्यान्वयन गर्ने

निर्णय नं. ३

विद्यालय व्यवस्थापन समितिसंग संझौता गरी श्री आदर्श बालिका मा.वि.र महेन्द्र मा.वि.गहेलीमा महानगरपालिका बहु प्राविधिक शिक्षालयका कक्षाहरु सञ्चालंन गर्नु पर्ने भएको तर उल्लेखित विद्यालयहरुमा हाल वि.व्य.स. गठन नरहेको साथै तत्काल कोभिड १९ का कारण अभिभावकहरु भेला गराई वि.व्य.स. गठन गर्न नसकिने अवस्था भएकोले विद्यालयको सिफारिस समेतको आधारमा ६ महिना अवधिका लागि महानगरपालिका शिक्षा ऐन २०७६ को दफा १६ को उपदफा ७ बमोजिम एक अस्थायी वि.व्य.स. गठन गर्ने निर्णय गरियो ।

महेन्द्र मा.वि. गहेलीमा देहाय बमोजिमका सदस्य हरु रहने गरी सात सदस्यीय तदर्थ विद्यालय व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

१. श्री निश्चल अर्याल वडाअध्यक्ष वडा नं. ८ -
२. श्री चन्द्रप्रसाद साह प्र.अ. -
३. श्री प्रेमराज कठायत शिक्षक प्र. -
४. श्री अनिलकुमार पोखरेल विज्ञ -
५. श्री शैलेन्द्र शिवाकोटी विज्ञ
६. श्री प्रमिला नेपाल प्राविधिक -
७. श्री रिंकुदेव -पूर्व अभिभावक-

यसै गरी श्री आदर्श बालिका मा.वि. विराटनगरमा पनि तपशिल बमोजिमको ७ सदस्यीय अस्थायी तदर्थ वि.व्य.स. गठन गर्ने भन्ने निर्णय पारित गरियो।

१. श्री मधुबाबु तिवारी - वडा अध्यक्ष वडा नं. ७
२. श्री शिला श्रेष्ठ - कार्यपालिका सदस्य
३. श्री रामराजा पोखरेल - पूर्व वि.व्य.स. सदस्य
४. श्री रञ्जना बुढाथोकी - समाजसेवी
५. श्री रामकृष्ण बराल - पूर्व वि.व्य.स. अध्यक्ष
६. श्री दिग्गज चौधरी - शिक्षक प्रतिनिधी
७. श्री रमेश नेपाल - प्र.अ./सदस्य सचिव

DATE:

निर्णय ०४

विराटनगर महानगरपालिका १९ बैजनाथपुर खद्राटोलमा रहेको विद्यालय श्री जागृति आ.वि सोही वडाको श्री सार्वजनिक मा.वि.झापा बैजनाथपुरको जग्गा ९/क कि.नं. ७१८ क्षे.फ.०-३-५ र कि.नं. ७३९ क्षे.फ.०-०-१६ मासञ्चालन रहेको र साविक सार्वजनिक नि.मा.वि. हाल सार्वजनिक मा.वि.बाट जागृति आ.वि.को नाममा विद्यालयले भोगचलन गर्दै आएको जग्गा हक हस्तान्तरण गर्न मिति २०७७।०८।१४ च.नं. ७७ बाट लेखिआएको हुँदा साथै वडा कार्यालयबाट समेत सिफारिस भै आएको हुँदा शिक्षा मन्त्रालय सिंहदरवार काठमाण्डौंमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय ०५

विराटनगर महानगरपालिका अन्तरगतको श्री जनता नमुना मा.वि. मा विज्ञान तर्फ कक्षा ११/१२ हाल सञ्चालनमा नरहेको हुँदा कार्यरत २ जना शिक्षकलाई महानगरपालिका बहुप्राविधिक शिक्षालयमा कक्षा सञ्चालनं प्रयोजनका लागि कामकाजमा लगाउने निर्णय गरियो । त्यसै गरी जीव विज्ञान तर्फको विषयको १ जना शिक्षकलाई पोखरिया मा.वि.को कक्षा ११/१२ को विज्ञान विषयमा पठन पाठनको लागि कामकाजमा खटाउने निर्णय गरियो ।

DATE:

निर्णय नं. ६

क.दरवन्दि मिलानका लागि विद्यालयगत दरवन्दी कायम गर्ने आधारहरु

क.आधारभूत तह कक्षा १-५ सम्म

१. शिक्षा नियमावली २०५९(संसोधन सहित)ले तराइको लागि कायम गरेको शिक्षक विद्यार्थी अनुपात र सो नियमावलीको अनुसूचि १२ मा उल्लेख भएको विद्यालयमा रहनु पर्ने दरवन्दीको आधारमा सम्वत २०७५ फागुन २३ गतेसम्म अनलाइन प्रणालीबाट भरिएको शैक्षिक तथ्याङ्क तथा विद्यालयका शिक्षक विद्यार्थी अनुपातका आधारमा विराटनगर महानगरपालिकाको शिक्षकको मौजुदा अवस्था र विद्यालयको आवश्यकता पहिचानको आधारमा दरवन्दी मिलान गर्ने ।

२. शिक्षातथा मानव स्रोत विकास केन्द्र सानोठिमि भक्तपुरबाट पालिकागत रुपमा कायम भएको दरवन्दीमा यस विराटनगर महानगरपालिकाका लागि प्राथमिक तहमा राहत समेत३९३ शिक्षक शिक्षक दरवन्दी कायम भईप्रा.वि.तहको ६० दरबन्दीलाई नि.मा तहमा र ४ दरबन्दीलाई माध्यमिक तहमा पुलमा समायोजन गर्ने गरि उल्लेख भइ आएबमोजिम नै नि.मा.र मा.वि.मा क्रमशः ६० र ४ दरबन्दीलाइ पुलमा समायोजन गर्ने र प्राथमिक तहमा ३२९ दरवन्दी कायम गर्ने ।

३. शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं. ४० मिति २०७७०६।२९ को दरवन्दी मिलान तथा व्यवस्थापनसम्बन्धी परिपत्र को बुँदा नं. २ मा भएको व्यवस्थाको कार्यान्वनयका लागि स्रोत कक्षा सञ्चालन भएको विद्यालयको प्राथमिक तहमा कार्यरत स्रोत शिक्षकको हकमा दरवन्दी मिलानको क्रममा निजहरुको दरवन्दी छुट्टै राखी गणना गर्ने ।

४.कक्षा १-३ मात्र सञ्चालित भएको आधारभूत विद्यालयमा ३ दरवन्दी कायम गर्ने,

५. कक्षा १- ५ सञ्चालन भएको विद्यालयमा ५० जना विद्यार्थी भन्दा कम विद्यार्थी भएका त्यस्ता विद्यालयमा ४ दरवन्दी कायम गर्ने ।

६.कक्षा १-५ सञ्चालित विद्यालयमा न्युनतम ११० जना सम्मविद्यार्थी भएको विद्यालयमा कक्षागत रुपमा ५ शिक्षक दरवन्दी कायम गर्ने,

७.११० जना भन्दा बढी विद्यार्थी भएको विद्यालयमा शिक्षक विद्यार्थी अनुपात (**STR**) १:४७कायम गर्ने अर्थात ४७ जना सम्म विद्यार्थीका लागि १ जनाका दरले हुन आउने शिक्षक दरवन्दी कायम गर्ने,

८. बुँदा नं. ७ बमोजिम भाग जाने शिक्षक विद्यार्थी अनुपात कायम गर्दा सुत्रको प्रयोगबाट हुन आउने अंकलाई आधार मान्ने जस्तो उदाहरणको लागि कुनै विद्यालयको प्राथमिक तहमा १३४ विद्यार्थी छन् भने ११० विद्यार्थीका लागि न्युनतम ५ शिक्षक र बाँकी रहेको २४ विद्यार्थीका लागि सुत्रको प्रयोग गर्दा ०. ५१ भएकोले १ शिक्षक दरवन्दी कायम गर्ने ।

DATE:

## ग. नि.मा. तहमादरवन्दी मिलानका आधारमा

१. कक्षा १-८ सञ्चालित आधारभूत विद्यालयमानि.मा.तहका लागि संभव भएसम्म विषयगत रुपमा (अंग्रेजी, नेपाली, गणित/विज्ञान र सामाजिक) न्युनतम ४ दरबन्दी कायम गर्ने ।

२. न्युनतम ४ दरवन्दीको अलावा नि.मा.तहमा १:३० का दरले शिक्षक विद्यार्थी अनुपात हुने गरी नि.मा. दरवन्दी कायम गर्ने

३. आधारभूत तह ६-८ सञ्चालन भएका तर नि.मा. तहको १ दरवन्दी पनि नभएको विद्यालयलाई नि.मा. तहको कम्तिमा १ दरवन्दी उपलब्ध गराउने ।

४. बुँदा न. २ को शिक्षक विद्यार्थी अनुपात र विषयगत रुपमा बढी दरवन्दी भएको विद्यालयबाट शून्य दरवन्दी भएका विद्यालयमा दरवन्दी मिलान गर्ने ।

५. कक्षा १-७ सम्म मात्र सञ्चालन भएको विद्यालयमा १ नि.मा. दरवन्दी र २ प्रा.वि. पुल कायम गर्ने ।

६. नि.मा. तहको कक्षा ६ मात्र अनुमति प्राप्त विद्यालयको लागि हाललाई १ नि.मा. दरवन्दी कायम गर्ने ।

७. कक्षा ६-८ सञ्चालित विद्यालयमा बुँदा नं. २ को अनुपात भन्दा कम शिक्षक विद्यार्थी अनुपात भएमा ४ दरवन्दी कायम गरी १ दरवन्दीको शिक्षकलाई मा.वि.तहमा न्युन दरवन्दी भएको विद्यालयमा काजमा राख्ने ।

## घ. माध्यमिक तह कक्षा ९-१२ दरवन्दी मिलानका आधारहरु

१. शिक्षा ऐन २०२८ मा भएको व्यवस्था भए अनुरुप माध्यमिक तहमा न्युनतम विषयगत रुपमा ५ वटा दरवन्दी कायम गर्ने भने कक्षा ९-१२ सञ्चालन भएको माध्यमिक तहमा न्युनतम ८ दरवन्दी कायम गर्ने । न्युनतम भन्दा बढी विद्यार्थीको हकमा शिक्षक विद्यार्थी अनुपात १:४०.६ का दरले कायम गर्ने

२. प्रा.वि.तहमा पुल कायम रहेको ४ दरवन्दीलाई माध्यमिक तहमा न्युन दरवन्दी (१/२ दरवन्दी) रहेको विद्यालयमा १/१ दरवन्दी कायम गर्ने।

३. माध्यमिक तहमा हालको मौजुदा दरवन्दीमा विद्यार्थी संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात १:४०.६ कायम गर्दा बढी भएको शिक्षकको हकमा शिक्षक दरवन्दी कम भई विद्यार्थी संख्या बढी भएको विद्यालयमा दरवन्दी मिलान गर्ने ।

निर्णय नं २

निर्णय नं. १ का आधारमा निम्न बमोजिम विद्यालयगत दरवन्दि कायम गर्ने :

## आधारभूत प्रा.वि. तह

| सि.नं. | विद्यालयको नाम | ठेगाना विराटनगर | सञ्चालित कक्षा | जम्मा विद्यार्थी | अधिकतम विद्यार्थी | न्युनतम दरवन्दी | बाकी विद्यार्थी | शिक्षक विद्यार्थी अनुपात १=४७ | कायम रहने | हालको मोजुदा दरबन्दी | थप/घट | जम्मा विद्यार्थी | हालको मैजुदा दरबन्दी | शिक्षक विद्यार्थी अनुपात १=३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पोखरिया मा.वि. | ३ | १–१२ | ३०२ | ११० | ५ | १९२ | ४ | ९ | १८ | -९ | ५३३ | ५ | १८ |
| २ | गोग्राहा मा.वि. | ४ | १–१२ | १८७ | ११० | ५ | ७७ | २ | ९ | १२ | -३ | २६२ | ८ | ९ |
| ३ | जनता नमुना मा.वि. | २ | १–१२ | ४५ | ११० | ४ | ० | ० | ५ | १० | -५ | ७२ | ४ | २ |
| ४ | जनता मा.वि. | ४ | १–१० | ६८ | ११० | ५ | ० | ० | ५ | १० | -५ | ८२ | ४ | ३ |
| ५ | जनविकास मा.वि. | १५ | १–१२ | १०८ | ११० | ५ | ० | ० | ५ | १० | -५ | ११६ | ६ | ४ |
| ६ | जनपथ मा.वि. | ११ | १–१२ | ४१७ | ११० | ५ | ३०७ | ७ | १२ | १६ | -४ | ३४१ | ६ | ११ |
| ७ | गायत्री संस्कृत मा.वि. | ७ | १–१० | १४० | ११० | ५ | ३० | १ | ६ | १० | -४ | ९४ | ३ | ३ |
| ८ | विद्याविकास आ.वि. | १५ | १–८ | १४२ | ११० | ५ | ३२ | १ | ६ | १० | -४ | १११ | ० | ४ |
| ९ | शिक्षासदन मा.वि. | ६ | १–१० | २४३ | ११० | ५ | १३३ | ३ | ८ | १२ | -४ | १३४ | ५ | ४ |
| १० | नारायण प्रा.वि. | १० | १–५ | १९३ | ११० | ५ | ८३ | २ | ७ | ११ | -४ | ० | ० | ० |
| ११ | धरणिधर आ.वि. | ६ | १–८ | १०५ | ११० | ५ | ० | ० | ५ | ९ | -४ | ४२ | २ | १ |
| १२ | अरुणोदय आ.वि. | ११ | १–८ | २७४ | ११० | ५ | १६४ | ३ | ८ | १२ | -४ | १०९ | १ | ४ |
| १३ | भानुमोर प्रा.वि. | १० | १–५ | १३४ | ११० | ५ | २४ | १ | ६ | ९ | -३ | ० | ० | ० |
| १४ | आर्दश प्रा.वि. | १० | १–५ | ९९ | ११० | ५ | ० | ० | ५ | ८ | -३ | ० | ० | ० |
| १५ | बाल मा.वि. जतुवा | १४ | १–१० | १२७ | ११० | ५ | १७ | ० | ६ | ८ | -२ | ८३ | ४ | ३ |
| १६ | बालमन्दिर प्रा.वि. | ७ | १–५ | १८३ | ११० | ५ | ७३ | २ | ७ | ९ | -२ | ० | ० | ० |
| १७ | बखरी आ.वि. | १२ | १–८ | १४६ | ११० | ५ | ३६ | १ | ६ | ८ | -२ | ३० | ० | १ |
| १८ | आर्दश मा.वि. | ७ | १–१२ | २६० | ११० | ५ | १५० | ३ | ८ | १० | -२ | ५१९ | ६ | १७ |
| १९ | सत्यनारायण प्रा.वि. | ७ | १–५ | १२५ | ११० | ५ | १५ | ० | ५ | ७ | -२ | ० | ० | ० |
| २० | बाल मा.वि. रानी | १२ | १–१० | ३२९ | ११० | ५ | २१९ | ५ | १० | ११ | -१ | २५५ | ३ | ९ |
| २१ | विराट महेन्द्र रात्री मा | २ | १–१० | ९१ | ११० | ५ | ० | ० | ५ | ६ | -१ | ५८ | ५ | २ |
| २२ | राधाकृष्ण भु.सि.मा.वि | १ | १–११ | २४३ | ११० | ५ | १३३ | ३ | ९ | ९ | ० | १५० | ४ | ५ |
| २३ | मित्र्स मा.वि. | १६ | १–१२ | ३४५ | ११० | ५ | २३५ | ५ | १० | ११ | -१ | ३१८ | ११ | ११ |
| २४ | शंकरपुर प्रा.वि. | २ | १–५ | ४९ | ११० | ४ | ० | ० | ४ | ५ | -१ | ० | ० | ० |
| २५ | [illegible] प्रा.वि | १ | १–५ | ४५ | ११० | ४ | ० | ० | ४ | ५ | -१ | ० | ० | ० |
| २६ | जनता बाल आ.वि. | १४ | १–८ | १५४ | ११० | ५ | ४४ | १ | ६ | ७ | -१ | ६९ | ० | २ |
| २७ | महेन्द्र मा.वि. | ८ | १–१० | १०५ | ११० | ५ | ० | ० | ५ | ६ | -१ | १२५ | ५ | ४ |
| २८ | मदननगर आ.वि. | ३ | १–६ | १०५ | ११० | ५ | ० | ० | ५ | ६ | -१ | १६ | ० | १ |
| २९ | आ.वि.कञ्चनबारी | ४ | १–८ | २०६ | ११० | ५ | ९६ | २ | ७ | ८ | -१ | ९४ | ३ | ३ |
| ३० | प्रा.वि. कोचाखाल | ५ | १–५ | १५७ | ११० | ५ | ४७ | १ | ६ | ७ | -१ | ० | ० | ० |
| ३१ | ज्ञान निकुञ्ज प्रा.वि. | ८ | १–५ | १२७ | ११० | ५ | १७ | ० | ५ | ६ | -१ | ० | ० | ० |
| ३२ | सार्वजनिक मा.वि. | १९ | १–१० | २२८ | ११० | ५ | ११८ | ३ | ८ | ८ | ० | ७९ | ४ | ३ |
| ३३ | शहीद प्रा.वि. | ३ | १–५ | ३१ | ११० | ४ | ० | ० | ४ | ४ | ० | ० | ० | ० |
| ३४ | सुशिक्षा निकुञ्ज आ.वि | ८ | १–८ | १८५ | ११० | ५ | ७५ | २ | ७ | ७ | ० | ८३ | ० | ३ |
| ३५ | जनता प्रा.वि. | १२ | १–५ | १३७ | ११० | ५ | २७ | १ | ६ | ६ | ० | ० | ० | ० |
| ३६ | [illegible] प्रा.वि. | १९ | १–५ | १३९ | ११० | ५ | २९ | १ | ६ | ६ | ० | ० | ० | ० |

नि.मा. तह

मा.वि. तह

DATE:

| नं | विद्यालयको नाम | ठेगाना विराटनगर | सञ्चालित कक्षा | जम्मा विद्यार्थी | अधिकतम विद्यार्थी | न्युनतम दरवन्दी | बाकी विद्यार्थी | शिक्षक विद्यार्थी अनुपात १=४७ | कायम रहने | हालको मोजुदा दरबन्दी | थप/घट | जम्मा विद्यार्थी | हालको मैजुदा दरबन्दी | शिक्षक विद्यार्थी अनुपात १=३० | विषयगत न्युनतम दरबन्दी | जममा दरबनद | थप | घट | निदरवन्दी नभएका | प्रा.वि.पुल | कायम दरबन्दी | जम्मा विदयार्थी | हालको मैजुदा दरबन्दी | आवश्यक शिक्षक खपत ४०.६१ | प्रा.वि. पुल | मा.वि. दरबन्दी | थप | घट | कायम मा.वि. | जम्मा विदयार्थी | शिक्षक अनुदान | कायम दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आर्दश बालिका मा.वि. | ७ | १–१० | १६० | ११० | ५ | ५० | १ | ७ | ६ | १ | १४० | ४ | ५ | ० | ४ | ० | | | ० | ४ | ८६ | ४ | २ | | | | | ४ | ० | | १६ |
| | विराट प्रा.वि. | १८ | १–५ | १६३ | ११० | ५ | ५३ | १ | ६ | ६ | ० | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ६ |
| | ज्योति प्रा.वि. | ४ | १–५ | १३१ | ११० | ५ | २१ | ० | ५ | ५ | ० | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ५ |
| | जनता बालकल्याण प्र | १२ | १–५ | ८१ | ११० | ५ | ० | ० | ५ | ४ | १ | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ५ |
| | शिव प्रा.वि. | १ | १–५ | १३३ | ११० | ५ | २३ | ० | ५ | ५ | ० | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ५ |
| | सिद्धकाली प्रा.वि. | ५ | १–५ | १३३ | ११० | ५ | २३ | ० | ५ | ५ | ० | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ५ |
| | रघुपति आ.वि. | १७ | १–७ | ३०५ | ११० | ५ | १९५ | ४ | ९ | ८ | १ | ६५ | ० | २ | ३ | ३ | ० | | १ | २ | ३ | ० | ० | ० | | | | | ० | ० | | १२ |
| | जनक आ.वि. | १८ | १–८ | १६५ | ११० | ५ | ५५ | १ | ६ | ५ | १ | ७७ | १ | ३ | ४ | ४ | ० | | | ३ | ४ | ० | ० | ० | | | | | ० | ० | | १० |
| | माहामाया भगवती प्रा | १६ | १–५ | २१९ | ११० | ५ | १०९ | २ | ७ | ६ | १ | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ७ |
| | दिघी प्रा.वि. | १८ | १–५ | १२० | ११० | ५ | १० | ० | ४ | ४ | ० | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ४ |
| | शिवजी प्रा.वि. | १९ | १–५ | १२९ | ११० | ५ | १९ | ० | ५ | ४ | १ | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ५ |
| | जनता आ.वि. | १८ | १–८ | २४१ | ११० | ५ | १३१ | ३ | ८ | ६ | २ | ८० | १ | ३ | ३ | ४ | ० | | | ३ | ४ | ० | ० | ० | | | | | ० | ० | | १२ |
| | विराट बहिरा मा.वि. | ५ | १–१२ | ३७ | ११० | ४ | ० | ० | ४ | ३ | १ | ४८ | | २ | ३ | ४ | ० | | | ३ | ३ | २९ | २ | १ | | | | | २ | ० | | ९ |
| | जागृति प्रा.वि. | १९ | १–३ | ४१ | ११० | ३ | ० | ० | ३ | १ | २ | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ३ |
| | विष्णु प्रा.वि. | १४ | १–५ | १७२ | ११० | ५ | ६२ | १ | ६ | ४ | २ | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ६ |
| | जनचेतना प्रा.वि. | ६ | १–५ | १२३ | ११० | ५ | १३ | ० | ५ | ३ | २ | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ५ |
| | राम प्रा.वि. | १८ | १–४ | १७१ | ११० | ४ | ६१ | ० | ४ | १ | ३ | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० | | | | | ० | ० | | ४ |
| | | | | ८४९८ | | २५७ | ३१९८ | ६७ | ३२९ | ३९३ | -६४ | ५०४६ | १११ | १७१ | ४२ | १४७ | २५ | ६ | ६ | ६० | १७१ | ४०५७ | १६ | १०० | ४ | ० | ३ | १ | ११४ | ११६० | १४ | ६१५ |

DATE:

निर्णय नं.३

शिक्षक दरवन्दी मिलान/व्यवस्थापन गर्दा शिक्षक सरुवा तथा पदास्थापन निम्न आधारहरुमा गर्ने

१.काज व्यवस्थापन

काजमा रहेका शिक्षकहरुको हकमा दरवन्दी रहेको विद्यालयमा दरवन्दी कट्ने र काजमा रहेको विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा थप हुने देखिएमा काज रहेकै विद्यालयमा पदस्थापन गर्ने साथै काजमा रहेको विद्यालयमा दरवन्दी थप नहुने भएमा संभव भएसम्म पायक पर्ने विद्यालयमा सरुवा गर्ने

२. तालुक कार्यालयमा काजमा रहेका शिक्षकहरुकोविद्यालयको दुरवन्दी कटने भएमा संभव भएसम्म कार्यालयको सेरोफेरोका विद्यालयमा स्थानान्तरण गर्ने ।

३.महिला तथा अपाङ्गता भएका शिक्षकलाई सम्भव भएसम्मअपायक विद्यालयमा सरुवा नगर्ने ।

४. प्राथमिक तहको दरवन्दी कट्टा भई सोही विद्यालयमा नि.मा. तथा मा.वि. तहमा पुल कायम हुने भएमा कार्यरत शिक्षक त्यसै विद्यालयमा पुलमा कायम हुने ।

५. दरवन्दी थप हुने विद्यालयमा संभव भएसम्म रिक्त दरवन्दी कायम गर्ने ।

६.प्राथमिक तहबाट नि.मा. तथा माध्यमिक तहमा पुलमा स्थानान्तरण गर्दा स्थानान्तरण हुन चाहने शिक्षक मध्येबाट सम्बन्धित् तहको योग्यता भएको शिक्षकलाई स्थानान्तरण गर्ने ।

७ विद्यालयमा आवश्यक भन्दा बढी निवेदन पर्न आएमा महिला तथा अपाङ्गता भएका शिक्षकलाई पहिलो प्राथमिकता दिई अन्य शिक्षकको हकमा शिक्षक नियुक्ति मितिको जेष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

८.प्राथमिक तहबाट नि.मा. तथा माध्यमिक तहमा पुलमा स्थानान्तरण गर्दा स्थायी नियुक्ति मितिलाइ जेष्ठता कायम गर्ने स्थानान्तरण हुने शिक्षकहरुको हकमाएउटै मितिमा स्थायी नियुक्ति भएमा अस्थायी अविच्छिन्नता मिति समेतलाई गणना गरी जेष्ठता कायम गर्ने । यसरी नख'लेमानियुक्ति मिति एकै समय भएको खण्डमा उमेरको जेष्ठतालाई आधार मान्ने ।

९. दरवन्दी कट्टा भई सरुवा हुने भएमा राहत तथा करारमा नियुक्त भएका शिक्षकलाई नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा सरुवा गर्ने ।

१०. दरवन्दी कट्टा भई सरुवा हुने स्थायी शिक्षकको हकमा नियुक्तिको कनिष्टताको आधारमा सरुवा गर्ने ।

DATE:

११.जिल्लान्तर सरुवा भई आएका शिक्षकको हकमा नेपालको संविधान जारि भएको मिति २०७२ साल असोज ३ गतेसम्मको कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

१२. त्यसैगरी नि.मा. तहमा विद्यार्थी संख्या न्युन भएका विराट बहिरा मा.वि.,जनता बाल आ.वि.र बालसुधार मा.वि.बाट त्यसै विद्यालयमा दरवन्दी रहने गरी माध्यमिक तहको दरवन्दी संख्या कम भएको र प्राथमिक तहका शिक्षकहरु पनि पुलमा जाने भएका कारण अर्को व्यवस्था नहुन्जेलसम्मको लागि जनता मा.वि.इकाही मा प्रा.वि.२ र जतुवा मा.वि. मा १ प्रा.वि. (नि.मा.पुललाई) काजमा लैजाने ।

१३. यस पालिकामा ४ वटा प्रा.वि.दरवन्दीलाई मात्र मा.वि.तहमा पूल कायम गर्नु पर्ने भएकोले यसरी पुल कायम गर्दा एक मा.वि.का लागि १ वटा मात्र पुल कायम गर्ने ।

१४.कुनै विद्यालय दरवन्दी बढी भई शिक्षक स्थानान्तरण गर्नु पर्ने अवस्था छ र त्यस विद्यालयमा रिक्त दरवन्दी छ भने रिक्त दरवन्दीमा पहिलो प्राथमिकता दिई शिक्षक पदस्थापन गर्ने ।

१५. प्रा.वि.तहबाट मा.वि.मा पुल कायम रहेको ४ दरवन्दीलाई माध्यमिक तहमा न्युन दरवन्दी (१/२ दरवन्दी) रहेको सार्वजनिक मा.वि., जनता मा.वि.इकाही, बाल मा.वि.रानी र शिक्षासदन मा.वि.मा १/१ दरवन्दी कायम गर्ने

१६. माध्यमिक तहमा केन्द्रबाट तोकिएको मा.दरवन्दी प्राप्त भएमा हाल दरवन्दी मिलान को क्रममा माध्यमिक तहमा पुलमा रहेको प्रा. दरवन्दीलाई विद्यार्थी संख्या अति न्युन भएका (कक्षा १-५ मा ५० विद्यार्थी भन्दा पनि कम) प्राथमिक विद्यालयहरुले न्युनतम विद्यार्थी ११० पुऱ्याएमा १ दरवन्दी थप गरी न्युनतम ५दरवन्दी कायम गर्ने

१७ . प्राथमिक तहबाट नि.मा. तथा मा.वि. तहमा पुलमा जाने शिक्षकको हकमा संभव भएसम्म विषयगत रुपमा लैजाने व्यवस्था गर्ने ।

निर्णय नं. ४

यस महानगरपालिकाको सामुदायिक विद्यालयहरुमा कायम भएको दरवन्दी बमोजिम शिक्षक व्यवस्थपन तथा सरुवा सम्बन्धी कार्य गरी नगर शिक्षा समितिलाई सिफारिस गर्न तपसिल बमोजिम सिफारिस कार्य समिति गठन गर्ने निर्णय गरियो ।

१ श्री दुर्गाप्रसाद खतिवडा-संयोजक

२ श्री बेदुप्रसाद खतिवडा-सदस्य

३ श्री खेमराज भट्टराइ-सदस्य

४.श्री शिवराज विष्ट-सदस्य

५ श्री संजीव घिमिरे- सदस्य

६ श्री विष्णुराज लामिछाने-सदस्य

७ श्री तारा शर्मा-सदस्य

निर्णय नं. ५ :

निर्णय नं २ बमोजिम कायम भएको दरवन्दिका बारेमा सवै सामुदायिक विद्यालाई पत्राचार गर्ने र निर्णय नं.३ बमोजिम शिक्षक दरवन्दी मिलान/व्यवस्थापन गर्दा शिक्षक सरुवा तथा पदास्थपन गर्ने आधारहरुका सार्वजनिक गरि सरुवा तथा पदस्थपन भै जान शिक्षकहरुबाट १५ दिनको म्याद राखि इच्छुक शिक्षकबाट आवेदन लिने । निवेदन पेश नगर्ने शिक्षकको हकमा निर्णय नं.३ का आधारमा सरुवा तथा पदास्थपन गर्ने ।

निर्णय नं. ६ :

तपसिल बमोजिमका दरवन्दि शिक्षा विकास तथा समन्वय इकाइ मोरङ बाट यस महानगर पालिकाको दरवन्दि कायम भइ पठाउँदा छुट भइ आएको तर विद्यालयमा शिक्षक कार्यरत भइ तलवभत्ता खाइरहेको हुदा छुट दरवन्दि कायमको लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्र ,सानोठिमी भक्तपुरमा सिफारिस गर्ने ।

| विद्यालयको नाम र ठेगाना | तह | संख्या | |
|---|---|---|---|
| विराट वहिरा मा.वि. | नि.मा. राहत | १ | विशेष शिक्षा कोटा |
| मदरसा सहबाजिया मा.वि. विराटनगर | प्रा.वि. राहत | १ | |
| मदरसा तालिमुल कुरान आ.वि. | प्रा.वि. राहत | १ | |
| मदरसा काजरिया आ.वि. विराटनगर | प्रा.वि. राहत | १ | |
| मदरसा रजाए मुस्तफा आ.वि. | प्रा.वि. राहत | १ | |
| मदरसा असरफीया इजराहुल उलुम आ.वि | प्रा.वि. राहत | १ | |
| मदरसा जामिया इस्लामिया मा.वि. | प्रा.वि. राहत | १ | |
| लेखाजोखा संयोजक | प्रा.वि. राहत | १ | |

विराटनगर म.न.पा. भित्र सञ्चालित १ कक्षा देखि सामुदायीक विद्यालयमा ११० भन्दा कम विद्यार्थी भएका विद्यालयहरु बाट कायम भएका ५ दरवन्दी मध्ये एक शिक्षकलाई राहत अनुदान कोटा रपाएको ~~विद्यालय~~ मदरसा/गुरुकुल विद्यालयमा काममा खटाउन सकिने निर्णय गरियो ।

विद्यालयहरुमा दरवन्दी मिलानको क्रममा कुनै विवाद समस्या अथवा द्विविधा सृजना भएमा त्यसको अन्तिम निर्णय नगर शिक्षा समिति बाट गर्ने निर्णय पारित गरियो ।

DATE:

~~पुष्पकुमारी सिंह - जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङ ९८४२४६३३०५~~

~~कविराज निरीक्षक~~

विराटनगर उ.न.पा. वडा नं. ८ स्थित गुडवेल गर्ल्स स्कूल पूर्व प्राथमिक कक्षा सञ्चालनका लागि आवश्यक कागजातहरु राखी निवेदन पेश गरेको आधारमा उक्त विद्यालय लाई शै.सं. २०६६ देखि कक्षा सञ्चालनको लागि सम्पूर्ण खर्च निजी स्रोतबाट व्यहोर्ने गरी अनुमति दिने निर्णय पारित गरियो।